कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल


# आन्तरिक आयको बोलपत्र आह्वानको सूचना ।

## प्रथम पटक प्रकाशित मिति २०७८/०३/१७

कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७५ अनुसार यस कनकाई नगरपालिकाको आ.व. २०७८/०७९ का लागी आय संकलन गर्न तपशिल शिर्षक अनुसारको ठेक्का लगाउनु पर्ने भएकाले ठेक्का लिन चाहनु हुने योग्य फर्म/संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्रौं) दिन कार्यालय समयभित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी १६ (सोह्रौं) दिनको १२:०० बजे भित्र शिलबन्दी गरी लाहाछाप लगाई यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा यस सूचना प्रकाशन गरिएको छ । विस्तृत सूचना तथा सर्तहरु यस नगरपालिकाको वेवसाइट www.kankaimun.gov.np मा हेर्नुहोला ।

तपशिलः

| क.स. | ठे.नं. | ठेक्काको शिर्षक | आ.व. २०७८/०७९ को लागी न्युनतम अंक (भ्याट सहित) | बोलपत्र फारम दस्तुर (रु) | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | KANAKAI/IR/10/077-78 | सूरुङ्गा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | ४४,११,०००।- | ३०००।- | २०७८/०३/३१ | २०७८/०४/०१ दिनको १२:०० बजे । | २०७८/०४/०१ दिनको २:०० बजे। |
| २ | KANAKAI/IR/11/077-78 | घैलाडुब्बा बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | १९,९५,५५५।- | ३०००।- | | | |
| ३ | KANAKAI/IR/12/077-78 | दुर्गापुर बजार क्षेत्रतर्फको सम्पूर्ण ठेक्का पशु बजार समेत | २,००,०००।- | १०००।- | | | |
| ४ | KANAKAI/IR/13/077-78 | विज्ञापन कर | ४,००,०००।- | १०००।- | | | |

शर्तहरु

१. खरिद भएका बोलपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का शिर्षक, बोलपत्र दाताको फर्मको नाम, फर्मको आधिकारिक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी शिलबन्दी लाहाछाप गरी पेश गर्नुपर्नेछ ।

२. कार्यालयबाट बोलपत्र फाराम खरिद गर्दा ठेक्का नं. KANAKAI/IR/11/077-78 KANAKAI/IR/12/077-78, KANAKAI/IR/13/077-78 को हकमा स्थायी लेखा नम्बर वा मु अ कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र KANAKAI/IR/10/077-78 को हकमा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा निवेदन संलग्न राखी तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाएपछि मात्र माथि उल्लेखित मिति भित्र कनकाई नगरपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम अलग अलग ठेक्काको लागी छुट्टछुटै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागी एउटा मात्र फारम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र दाखिला गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले फारममा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि सूरुङ्गा स्थित धरौटी हि.नं. १४७०३०००००३००००००००१ मा नगद जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नुपर्नेछ । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुटै समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरमा धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो सो स्पष्ट उल्लेख गर्नु पर्नेछ । बैंक ग्यारेण्टीलाई मान्यता दिईने छैन ।

५. बोलपत्र दाखिला गर्दा प्राविधिक प्रस्ताव (आवश्यक कागजातः- नागरिकता प्रमाणपत्रको प्रतिलिपि, ठेक्का नं. KANAKAI/IR/11/077-78, KANAKAI/IR/12/077-78, KANAKAI/IR/13/077-78को हकमा स्थायी लेखा नम्बर वा मु अ कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र KANAKAI/IR/10/077-78 को हकमा मु अ क दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ता नवीकरण समेत भएको प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र खरिद रसिद तथा धरौटी भौचर सक्कलै र आर्थिक प्रस्ताव अलग अलग खाममा शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नुपर्नेछ । प्राविधिक प्रस्ताव योग्य भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

६. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै उल्लेखित ठेक्काको न्युनतम अंक कार्यालयबाट उपलब्ध गराइने बोलपत्र फारम साथ संलग्न रहनेछ ।

७. बोलपत्र खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस लगत्तै कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

८. ठेक्का कवोल रकम एकमुष्ट बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्तावन्दी गरी बुझाउनेको हकमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको १३ महिनासम्म अवधी भएको बैक ग्यारेन्टी पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

९. कुनै वा सबै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

१०. यस सँग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।